१३९ औं बैठक

आज मिति २०८२।०१।१० गते दिउँसो १२:०० बजे देखि मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारीत गरीए ।

<u>तपसिलः</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर प्रमुख | |
| २ | श्री पार्वती बोहरा (विष्ट) | नगर उपप्रमुख | |
| ३ | श्री शरद सिंह नेगी | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण दत्त भट्ट | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री गगन सिंह भाट | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हर्क बहादुर चन्द | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री भरत सिंह पुजारा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तारा दत्त भट्ट | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री राम चन्द्र भट्ट | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री तपेन्द्र सिंह विष्ट | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री लोक राज भट्ट | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३ | श्री मानमति कामी | कार्यपालिका सदस्य | |
| १४ | श्री धाना चन्द | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | |
| १६ | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | |
| १७ | श्री बिजय पोखरेल | कार्यपालिका सदस्य | |
| १८ | श्री सुरेश परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | |
| २० | श्री नारायण बहादुर चन्द | सदस्य सचिव | |

CamScanner

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**<u>प्रस्तावहरुः</u>**

**<u>प्रस्ताव नं. १.</u>** नगरसभा सम्वन्धमा ।
**<u>प्रस्ताव नं. २.</u>** योजना सिफारिस सम्वन्धमा ।
**<u>प्रस्ताव नं. ३.</u>** सडक निर्माण सम्बन्धमा ।
**<u>प्रस्ताव नं. ४.</u>** सिचाई कुलो मर्मत सम्वन्धमा।
**<u>प्रस्ताव नं. ५.</u>** ल्यापटप खरीद र वाईफाई जडान सम्वन्धमा ।
**<u>प्रस्ताव नं. ६.</u>** लागत संकलन सम्वन्धमा ।
**<u>प्रस्ताव नं. ७.</u>** सफ्टवर खरिद सम्वन्धमा ।

सिंह बहादुर चन्द
नगर प्रमुख

नारायण बहादुर चन्द
प्रमुख प्रसाशकीय अधिकृत

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**निर्णयहरुः**

**निर्णय नं. १.** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको आगामि आ.व. २०८२।०८३ को निति तथा कार्यक्रम पेश गर्न नगरसभा २०८२।०८३ को पहिलो अधिवेशन यहि मिति २०८२।०१।१८ गते गरेका दिन आहवान गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा सुदूरपश्चिम प्रदेश सरकार, लगानी तथा विकास सम्मेलन सचिवालयको मिति २०८२।०१।०४ गतेको प्राप्त पत्रानुसार माग भई आएबमोजिम यस मेलौली नगरपालिकामा मेलौली मन्दीर महारुद्रधाम ग्वाल्लेक केवलकार योजना सिफारिस गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्विकृत बजेट तथा कार्यक्रमको क्र.सं. ५ मेलौली भगवति मन्दीरमा धार्मिक सप्ताह यज्ञ खर्च शिर्षक २२५२८ आन्तरीक स्रोत नगद स्रोतको बजेट रकम रु. ५,००,०००।- बाट रु. ५०,०००।- ग्वान्नीखोला सडक निर्माण जर्कु योजना/कार्यक्रमका लागि विनियोजन गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको वडा नं. ७ मा सडक निर्माणका क्रममा रिङ्गा सिचाई कुलो भत्केर क्षतिग्रस्त भई सिचाईमा समस्या भएकाले मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्विकृत बजेट तथा कार्यक्रमको क्र.सं. १२२ विपद व्यवस्थापन कोष खर्च शिर्षक २७१११ नेपाल सरकार समानिकरण अनुदान स्रोतबाट बजेट रकम रु. ३,००,०००।- रिङ्गा सिचाई कुलो मर्मत योजना/कार्यक्रमका लागि विनियोजन गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्विकृत बजेट तथा कार्यक्रमको क्र.सं. १० नगरपालिकाको जिप ट्रेयाक्टर र मोटरसाइकल खरिद खर्च शिर्षक ३११२१ आन्तरीक स्रोत नगद स्रोतबाट सवारी साधन र बायोमेट्रिक डिभाईसहरु खरिद गरी बचत रकमबाट मेलौली नगरपालिका कार्यालय प्रयोजनका लागि ल्यापटप थान १ र श्री भरतपुर मा. वि. गाउँकोटमा इन्टरनेट जडानका लागि बजेट रकम रु. २,००,०००।- विनियोजन गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. ६.** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकामा भुमिहिन सुकुम्बासी, भुमिहनि दलित र अव्यवस्थित बसोबावासीको लागत संकलनका क्रममा केहि परीवारको तथ्यांक छुट हुन गएकोले पुनः लागत संकलनका लागि सूचना प्रकाशन गरिदिनका लागि श्री भुमि समस्या समाधान आयोग, केन्द्रीय कार्यालय ताहाचाल काठमाण्डौंलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. ७.** प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्विकृत बजेट तथा कार्यक्रमको क्र.सं. ४८४ स्वास्थ्य विमा तथा साझा औषधालय खर्च शिर्षक २२५२८ राजस्व बाँडफाँड संघीय सरका नगद स्रोत बजेट रकम रु. ३,००,०००।- बाट यस मेलौली नगरपालिकामा स्वास्थ्य विमा कार्यक्रमका लागि आवश्यक सफ्टवयर खरीद गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

नारायण बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख